"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आँयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

## प्रेस विज्ञप्ति

मितिः २०७९/०२/२६

१. नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णयबाट पेट्रोल र डिजेलको पूर्वाधार कर बराबरको रकम प्रति लिटर रु. १०/- ले समायोजन गर्ने निर्णय बमोजिम खुद्रा विक्री मूल्यमा प्रति लिटर रु. १०/- ले घटाइ निगमले पेट्रोल, डिजल र मट्टितेलको विक्री मूल्य क्रमशः रु. १७०/-, रु. १५३/- र रु. १५३/- प्रति लिटर कायम गरी पछिल्लो पटक मूल्य समायोजन गरेको थियो।

२. उक्त मूल्य समायोजन पश्चात निगमको १५ दिनको घाटा करिव रु. ३ अर्ब ८९ करोड कायम नै रहेको अवस्थामा पुन अन्तर्राष्ट्रिय बजारमा उच्च दरले पेट्रोल र डिजेलको मूल्य बृद्धि भएको तथा निगमले इण्डियन आयल कर्पोरेशनलाई भुक्तानी गर्न नसकेको बक्यौता रकम बढ्दै गई ८ जुन २०२२ (जेष्ठ २५,२०७९) सम्म करिव रु. २० अर्ब पुगिसकेको सन्दर्भमा निगम संचालक समितिको मिति २०७९/०२/२६ को निर्णय अनुसार आज मिति २०७९/०२/२६ को राती १२:०० बजेदेखि लागू हुने गरी पेट्रोलको साविकको खुद्रा विक्री मूल्यमा रु. ८ ले बृद्धि गरी प्रति लिटर रु. १७८/- तथा डिजेल र मट्टितेलको साविकको खुद्रा विक्री मूल्यमा रु. १२/- ले बृद्धि गरी प्रति लिटर रु. १६५/- कायम गरिएको छ । एल. पी. ग्यास तथा हवाई इन्धनको मूल्य भने हाललाई यथावत् नै राखिएको छ । यस मूल्य समायोजन पश्चात हालको खरीद लागत बमोजिम निगमको नाफा/नोक्सान निम्नानुसार रहेको छः-

| क. स. | पेट्रोलियम पदार्थ | खरीद लागत (रु. प्रति लिटर) | नयाँ विक्री मूल्य (रु. प्रति लिटर) | नाफा/घाटा (रु. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रु. करोडमा) |
|---|---|---|---|---|---|
| १. | पेट्रोल | २०२।७० | १७८।०० | -२४।७० | -७२.१६ |
| २. | डिजेल | १८३।०१ | १६५।०० | -१८।०१ | -११८.६२ |
| ३. | मट्टितेल | १४७।९९ | १६५।०० | १७।०१ | ०.९१ |
| ४. | हवाई इन्धन (आन्तरिक) | १४८।६६ | १६६।०० | १७।३४ | ५.१४ |
| ५. | हवाई इन्धन (बाह्य) | १२७।८५ | ११५४५ | ६४।५५ | २६.५५ |
| ६. | एल. पी. ग्यास (प्रति सिलिण्डर) | २५५१।१५ | १८००।०० | -७५१।१४ | -१४३.२४ |
| | १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रु. करोडमा) | | | | - ३०१.४२ |

३. निगमले जुन २३ तारिख (असार ९, २०७९) सम्ममा तेल खरीद बापत बक्यौता रकम समेत गरी जम्मा रु. ३८ अर्ब इण्डियन आयल कर्पोरेशनलाई भुक्तानी दिनु पर्नेमा पेट्रोलियम पदार्थको विक्रीबाट करिव रु. १२ अर्ब मात्र भुक्तानी दिन सकि उक्त अवधिसम्म तिर्नुपर्ने रकममा पुनः केही थप भई करिव रु. २६ अर्ब बक्यौता कायम रहन जाने देखिएको छ। बक्यौता रकममा ब्याज लाग्ने भएको र लागत थप बढ्न जाने देखिएको हुँदा आपूर्ति परिमाण कटौती गर्दै प्रत्येक हप्तामा मूल्य समायोजन गर्दै जानुपर्ने बाध्यता निगम सामु देखिएको छ ।

४. यो आर्थिक वर्षको वैशाख मसान्तसम्ममा निगमलाई करिव रु. ४७ अर्ब नोक्सानी भइसकेको र असार मसान्तसम्ममा झण्डै रु. ६० अर्ब नोक्सानी हुने स्थिति देखिएको छ ।

५. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरूको प्रयोग सकेसम्म कम गरी विद्युत लगायतका स्वदेशी ऊर्जाको खपत बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरूले समेत मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ ।साथै यस मूल्य समायोजनले उपभोक्तावर्गमा पर्न जाने असुविधा प्रति निगम क्षमाप्रार्थी छ ।

धन्यवाद् ।

२०७९।२।२६

(पुस्कर कार्की)

सह-प्रवक्ता